# के अपेक्षा गर्ने: मिनेसोटा राज्यका खोप केन्द्रहरूमा पहुँच ट्रान्सक्रिप्ट

[वर्णन]

मिनेसोटा राज्य सबै मिनेसोटावासीका लागि पहुँचयोग्य खोप केन्द्रहरू उपलब्ध गराउन प्रतिबद्ध छ ।

यस भिडियोले तपाईंलाई तपाईं प्रान्तीय सामुदायिक खोप केन्द्र जाँदा तपाईं के अपेक्षा गर्न सक्नुहुन्छ भन्ने देखाउँछ ।

तपाईं खोप केन्द्रमा पुगेपछि, तपाईंले केन्द्रको प्रवेश द्वारतिर निर्देशित गर्ने संकेत देख्नुहुने छ ।

एक जना अभिवादनकर्ताले तपाईंको तापक्रम लिन सक्नेछन् र तपाईंलाई आफूले लगाइराखेको मास्क फेर्न वा सफा, डिस्पोजेबल मास्कले ढाक्न भन्ने छन् ।

कर्मचारीले तपाईंलाई खोपको अपोइन्टमेन्ट लिने बेला आवश्यक पर्ने सहायतासँग सम्पर्क गराउन सक्ने छन् । सबै स्टेट खोप केन्द्रहरूमा भाषिक सहयोग उपलब्ध छ ।

यदि तपाईंको विशेष प्रश्न वा अनुरोध छ भने पहिले नै केन्द्रमा फोन गर्नुहोस् ।

*[अनस्क्रिन पाठ]खोप केन्द्रहरूका फोन नम्बर फेला पार्न यहाँ हेर्नुहोस्: mn.gov/covid19/vaccine/find-vaccine/community-vaccination-program/index.jsp.*

चेक इनमा, तपाईंलाई अपोइन्टमेन्ट पुष्टीकरण देखाउन भन्न सकिने छ । यसलाई प्रिन्ट गर्न सकिने छ वा तपाईं आफ्नो फोनमा रहेको ईमेल पुष्टीकरण देखाउन सक्नुहुने छ ।

चेक इन गरिसकेपछि तपाईंले खोप लगाउनु अघि लाइनमा कुर्नुपर्ने हुन सक्छ । तपाईं पर्खिँदा तपाईंलाई कुर्सी चाहिएको खण्डमा चेक-इन कर्मचारीलाई भन्नुहोस् ।

कुनै नर्स उपलब्ध हुने बित्तिकै उक्त स्थानमा जानुहोस् । यदि तपाईंलाई केही कुराले अझ सहज महसुस गराउछ भने थप गोपनीयताको लागि अनुरोध गर्न सक्नुहुन्छ ।

यदि यो तपाईंको पहिलो कोभिड-19 खोपको डोज हो भने नर्सले तपाईंलाई एउटा खोप कार्ड दिने छिन् । कार्ड सुरक्षित ठाउँमा राख्नुहोस् र यदि तपाईंलाई दोस्रो डोज लगाउनुपर्ने भए आफूसँग लिएर आउनुहोस् ।

तपाईंले खोप लगाएपछि, तपाईंलाई कुनै पनि गम्भीर साइड इफेक्ट नहोस् भनेर सुनिश्चित गर्नको लागि तपाईंलाई 15 देखि 30 मिनेट पर्खन भनिने छ ।

यदि तपाईंलाई बिसञ्चो भएमा के गर्ने भनेर कर्मचारीले बुझाउने छन् । तपाईंका प्रश्नहरूको जवाफ दिन र यदि तपाईंलाई बिसञ्चो भएमा सेवा प्रदान गर्न प्रशिक्षित कर्मचारीहरू जस्तै नर्स वा आपतकालीन मेडिकल प्राविधिकहरू केन्द्रमा उपस्थित हुने छन् ।

तपाईं 15 वा 30 मिनेट बिताएपछि जान सक्नुहुन्छ !

यदि तपाईंले लगाएको खोपको दोस्रो मात्रा लगाउनुपर्ने हुन्छ भने, तपाईंले अपोइन्टमेन्ट लिन र आफ्नो पात्रोमा चिन्ह लगाएर राख्न नभुल्नुहोस् ।

यदि तपाईंलाई मिति याद छैन भने केन्द्रका कर्मचारीले तपाईंको दोस्रो अपोइन्टमेन्ट हेर्न सक्ने छन् ।

खोप लगाउनुभएकोमा धन्यवाद ।

यदि तपाईंका स्टेट खोप केन्द्रहरूका बारेमा प्रश्नहरू छन् भने, हाम्रो वेबसाइटमा हेर्नुहोस् https://mn.gov/covid19/vaccine/find-vaccine.

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

5/26/21 (Nepali)

*यो जानकारी भिन्न ढाँचामा प्राप्त गर्न यो नम्बरमा फोन गर्नुहोस्: 651-201-4989*